*Nepal Academy of Fine Art's Journal*
LALITKALA PRAGYA
Vol. 02, No. 02, Janaury, 2026, 9-19

ISSN : 3059-9636 (Print)

# यादवचन्द्र भुर्तेलका कलामा नारीसौन्दर्य र संस्कृति

**असफल गौतम** [१]
*ashafalnews@gmail.com*

| | | |
|---|---|---|
| लेख प्राप्त मिति : 15 Jul 2025 | संरचनागत परीक्षण गर्ने विज्ञ : प्रा.डा. लक्ष्मणप्रसाद गौतम | संशोधित लेख प्राप्त मिति : 28 Aug 2025 |
| गुणवत्ता परीक्षण गर्ने विज्ञ : श्री लालकाजी लामा तामाङ | संशोधित लेख प्राप्त मिति : 9 Dec 2025 | लेख स्वीकृत मिति : 9 Dec 2025 |

## लेखसार

*प्रस्तुत आलेखमा यादवचन्द्र भुर्तेलका कलामा अभिव्यक्त नारीसौन्दर्य र संस्कृतिको अध्ययन गरिएको छ । यादवचन्द्र भुर्तेलका कलाकृति यस अध्ययनको शोधक्षेत्र हो भने नारीसौन्दर्य र संस्कृति शोधसमस्या हो । यादवचन्द्र भुर्तेल विगत छ दशकदेखि कलासाधना गरिरहेका स्थापित कलाकार हुन् । उनले आफ्नो कलासाधनाका क्रममा अनेकानेक विषयमा कलासिर्जन गरिरहेकै छन् । उनका कलाकृतिमा नारीसौन्दर्य र संस्कृति अभिव्यक्ति कसरी भएको छ भन्ने समस्या नै प्रस्तुत अध्ययनको मुख्य समस्या हो । यस समस्याको समाधानका लागि यस शोधलेखमा उद्देश्यमूलक नमुना छनोट विधिबाट भुर्तेलका कलाकृतिको चयन गरिएको छ । यसका साथै कलाविश्लेषणका लागि आवश्यक पुस्तक, लेख, अनुसन्धान आदि सामग्रीहरूको सङ्कलन स्वाध्याय विधिबाट गरिएको छ । चयन गरिएका एक दर्जन कलाकृतिको विश्लेषणका लागि नारी सौन्दर्य र संस्कृतिसँग सम्बन्धित सूचकहरू बनाइएको छ । यसक्रममा कलामा अन्तर्निहित नारीसौन्दर्यको विश्लेषणका लागि मातृत्व सौन्दर्य, श्रम सौन्दर्य, शृङ्गार सौन्दर्य, ग्रामीण सौन्दर्यका विविध आयामबाट उनका कलाकृतिको अध्ययन गरिएको छ । त्यस्तै संस्कृतितर्फ वैदिक सनातन संस्कृति, क्षेत्रीय संस्कृति, श्रम संस्कृतिका आधारमा भुर्तेलका नमुना कलाकृतिको अध्ययन गरिएको छ । विश्लेषणका क्रममा गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ । अध्ययनबाट यादवचन्द्र भुर्तेल नेपाली समाजमा विद्यमान संस्कार संस्कृतिको सुन्दर चित्रण गर्ने कलाकार भएको अनि उनका कलाकृतिमा नारीसौन्दर्यको अभिव्यक्ति पाइने निष्कर्ष निकालिएको छ । नेपाली नारीजीवनका अनेक रङहरूको अभिव्यक्तिका साथै सहरी जटिलताभन्दा ग्राम्य संस्कृतिको प्रस्तुतिले भुर्तेलका कलाकृतिलाई नेपाली मौलिक संस्कृतिका पक्षधर कलाकारका रूपमा उभ्याएको देखिन्छ । स्थापित कलाकारका कलाकृतिमा रहेको नारीसौन्दर्य र संस्कृतिको विश्लेषण गरिएकाले यो अध्ययन महत्त्वपूर्ण बन्न पुगेको छ ।*

**शब्दकुञ्जी** : सनातन, यथार्थताबोध, सेमीनग्न, मनोविज्ञान, सांस्कृतिक चेतना ।

## विषय परिचय

कलाकारको अभिव्यक्तिको माध्यम नै कला हो । सामाजिक चेतना एवं मानवीय क्रियाकलापको विशिष्ट अभिव्यक्ति कलामा भएको हुन्छ । सबैको हित गर्ने भावना समेटिने भएकाले कलालाई रचनामात्र नमानेर भौतिक आवश्यकता परिपूर्तिको माध्यम पनि मानिन्छ । यादवचन्द्र भुर्तेल २०१८ सालदेखि कलासाधनामा साधनारत व्यक्तित्व हुन् । उनी २०५७ सालपछि एकल तथा संयुक्त कला प्रदर्शनी गर्दै अनि यस क्षेत्रमा योगदान पुऱ्याएबापत पटक पटक सम्मानित

१ संस्थापक, जरोटुप्पो संरक्षण साहित्य समाज नेपाल

र पुरस्कृत हुँदै आएका छन् । मूर्त-अमूर्त, यथार्थ-अतियथार्थ, वस्तुगत-विषयगत, व्यक्तिगत-सार्वजनिक विषयको अभिव्यक्ति दिँदै कलाको साधना गरिरहेका भुर्तेल सेमीनग्न कलाको सिर्जना गर्ने कलाकारका रूपमा समेत परिचित छन् ।

नारीसौन्दर्य भनेको जटिल, व्यापक र व्यक्तिसापेक्ष अवधारणा हो । यस्तो सौन्दर्यलाई रूप र गुण दुबै कोणबाट हेर्ने गरिन्छ । त्यस्तै समाज विकासका लागि निर्मित भौतिक तथा आत्मिक मूल्यको उच्चतम स्वरूपलाई संस्कृति मानिन्छ । मानिसको व्यवहारबाट गतिशील, रूपान्तरणकारी र हस्तान्तरित हुँदै अगाडि बढ्ने श्रम, सिप, कौशलका साथै परम्परा, विधि, प्रक्रिया, जीवनशैली, बानी तथा बान्कीलाई संस्कृति ठानिने भएकाले संस्कृतिले व्यक्ति नभएर समुदायलाई जनाउँछ । भुर्तेलका कलाकृतिहरूमध्ये केही कलाकृतिलाई नमुनाका रूपमा छनोट गरी ती कलाकृतिमा नारी सौन्दर्यसँग सम्बन्धित मातृत्व सौन्दर्य, श्रम सौन्दर्य, शृङ्गार सौन्दर्य, ग्रामीण सौन्दर्यका विविध आयामका साथै संस्कृतितर्फ वैदिक सनातन संस्कृति, क्षेत्रीय संस्कृति, श्रम संस्कृतिको विवेचना गर्ने काम यस शोधलेखमा गरिएको छ ।

## समस्याकथन

नेपाली ललितकलाका क्षेत्रमा स्थापित कलाकारका रूपमा रहेका यादवचन्द्र भुर्तेलका कलाकृतिमा नारीसौन्दर्य र संस्कृतिको अभिव्यक्ति कसरी भएको छ भन्ने समस्या नै प्रस्तुत शोधलेखको मुख्य समाधेय समस्या हो । त्यसैले यो शोधलेख यी शोधप्रश्नहरूको उत्तरको खोजी गर्ने कार्यसँग सम्बन्धित छ :

क. यादवचन्द्र भुर्तेलको कलामा नारीसौन्दर्य र संस्कृतिको केकस्तो अभिव्यक्ति पाइन्छ ?

ख. यादवचन्द्र भुर्तेलको कलामा नारीसौन्दर्य र संस्कृतिको प्रस्तुति कसरी भएको छ ?

## पूर्वकार्यको समीक्षा

प्रस्तुत अध्ययनभन्दा अघि यादवचन्द्र भुर्तेलको कलाकारिताका सम्बन्धमा केही पूर्वकार्यहरू भएका छन् । ती पूर्वकार्यको समीक्षा यसप्रकार छ :

तारा पाखेले *नेपाली कलाका विनलादेन श्री यादवचन्द्र भुर्तेल* (२०६९) शीर्षकको लेखमा २०४८ सालमा नग्नचित्र बनाई सार्वजनिक स्थलमा प्रदर्शन गरेर लोकमर्यादा भङ्ग गरेको आरोपमा उजुरी परेर प्रमुख जिल्ला अधिकारी निरीक्षणमा जाँदा प्रजिअ नै कलाबाट प्रभावित भएर चित्र किनेर फर्केको सन्दर्भ उल्लेख गरिएको छ । यसबाट यादवचन्द्र भुर्तेलका कलामा पाइने सामर्थ्यको बोध हुन्छ ।

सुरज उपाध्यायले *नाङ्गो संसारका न्युडचित्रकार भुर्तेल* (२०७०) शीर्षकको लेखमा संसार नाङ्गो र प्राणीको वास्तविकता नाङ्गो भएको तथ्यलाई देखाइएको छ । यस लेखमा उपाध्यायले यथार्थको चित्रण गरिएका कलामा कागज र रङ कहिल्यै अश्लील नहुने भन्दै यादवचन्द्र भुर्तेलका कलाकृतिको अध्ययन गरेका छन् । यसबाट भुर्तेलका कलाकृतिलाई हेर्ने भिन्न सौन्दर्यदृष्टि प्राप्त हुन्छ ।

असफल गौतमले *कास्कीलाई विश्वमा चिनाउने एउटा आलोक : यादवचन्द्र भुर्तेल* (२०७३) शीर्षकको लेखमा देश, प्रकृति, मातृत्व, भातृत्वका साथै सामाजिक यथार्थता, विकृति, विसङ्गति, सहरिया जटिलता, कुटिलता, ग्रामीण सरलता, स्वच्छ वातावरणलाई अनुभूतिजन्य तरिकाले कलाकारितामा उतार्ने कलाकारका रूपमा यादवचन्द्र भुर्तेललाई चिनाएका छन् । उनका विचारमा कलाकार भुर्तेल पोखरेली माटोका सुगन्धित फूलमात्र नभएर विश्वमानचित्रमा पोखरा र कलाकारितालाई अभिलेखीकरण गर्ने आलोक बनेका छन् ।

यादवचन्द्र भुर्तेलको *लेखेको मेटिदैन* (२०८१) शीर्षकको आत्मकथामा ललितकला रङहरूको उत्कृष्ट संयोजन भएको भन्दै सिर्जना कलाकारको सुन्दर परिकल्पना भएको बताएका छन् । उनले आफू कलाकै लागि जन्मेकाले आफूलाई भित्तामा झुण्डिएका पोट्रेटले तानेको, पाठशालाभित्रको कार्यशालाले कलाकारितामा डोऱ्याएको आत्मकथन पनि यहाँ गरेको पाइन्छ ।

उपर्युल्लिखित पूर्वकार्यबाहेक भुर्तेलका कलाको विश्लेषण गरिएको पाइँदैन । त्यसमा पनि उनका कलामा अभिव्यक्त नारीसौन्दर्य र संस्कृतिलाई आधार बनाएर कुनै अध्ययन भएको छैन । अनुसन्धानको यही रिक्ततालाई थोरै भए पनि परिपूर्ति गर्ने काम यस शोधलेखले गर्न खोजेको छ ।

## अनुसन्धान विधि

प्रस्तुत शोधलेख तयार पार्नका लागि आवश्यक पर्ने सामग्रीहरू कला अवलोकन र स्वाध्याय विधिबाट सङ्कलन गरिएका छन् । विश्लेष्य सामग्रीको सङ्कलन कास्की जिल्लाको पुरानो एयरपोर्ट नागढुङ्गास्थित रहेको भुर्तेलको फाइन आर्ट ग्यालरी भित्रका कलाको अवलोकन गरी नमुना छनोट विधिबाट गरिएको छ । यस शोधलेखमा भुर्तेलका १२ ओटा कलाकृतिको नारीसौन्दर्य र संस्कृतिका सापेक्षतामा अध्ययन गरिएको छ । सो अध्ययनमा आवश्यक पर्ने उपयोगी पुस्तक, पत्रपत्रिका तथा फुटकर आलेखहरू पुस्तकालयबाट सङ्कलन गरिएको छ ।

प्रस्तुत अध्ययनका लागि छानिएका सामग्रीहरूको अध्ययन विश्लेषणात्मक विधिबाट गरिएको छ । यसका लागि नारी सौन्दर्य र संस्कृतिसँग सम्बन्धित सूचकहरू तयार पारी भुर्तेलका कलाकृतिको विवेचना गर्ने काम यस लेखमा भएको छ । त्यसैले प्रस्तुत अध्ययन गुणात्मक ढाँचाको बन्न पुगेको छ ।

## सैद्धान्तिक पर्याधार

सामान्यतः सौन्दर्य भनेको मानिसको मनलाई आनन्द, सन्तुष्टि र आकर्षण पैदा गर्ने गुण हो । त्यसैले सौन्दर्य द्रष्टासापेक्ष हुन पुग्छ । सौन्दर्यको आधारभूत विशेषता मानिसलाई सुख प्रदान गर्नु भएकाले सौन्दर्यको सम्बन्ध सुख र आनन्दसँगै कुनै दृश्यबाट प्राप्त आनन्द व्यक्तिको चेतनामा आधारित हुन्छ । सौन्दर्य मूलरूपमा प्रकृतिमा अन्तर्निहित भएकाले प्रकृति, जीवन र चिन्तनमा सौन्दर्यको ठुलो स्थान रहन्छ । मानव चेतनाको अभावमा सौन्दर्यको अनुभूति हुन सक्दैन (सिंह, २०६६, पृ.३६४) । चित्रकला पनि सौन्दर्यको प्रकटीकरण र बोध गरिने क्षेत्र हो । यस्ता कलामा सौन्दर्यका अनेकानेक विषयहरू प्रकट भएका हुन्छन् । कस्ता नारीलाई सुन्दर ठान्ने भन्ने धारणा नै नारीसौन्दर्यको धारणा हो । नारीजीवनका अनेक शृङ्खलालाई बोध गर्ने वैयक्तिक चेतनाबाट नारीसौन्दर्यको मूल्याङ्कन गर्न सकिन्छ । यस हिसाबले नारीहरूमा रहेको मातृत्व, श्रम, शृङ्गार र पहिरनलाई सौन्दर्यको सूचकका रूपमा हेर्न सकिन्छ ।

समाजका मानिसहरूको सोच, चिन्तन, व्यवहारबाट त्यस समाजको संस्कृतिको बोध हुन्छ । संस्कृति परम्परागत हुन्छ, श्रमसँग जोडिएको हुन्छ अनि क्षेत्रगत आधारमा पृथक् पृथक् हुन्छ । छुट्टै संस्कृति भएको देशको केही भाग वा देश बलियो देशले जित्दा विजित देशको संस्कृति लोप हुनसक्छ, देशको राष्ट्रिय संस्कृति बलियो भएमात्र देश अभेद्य र शक्तिशाली बन्छ (पन्त, २०७८, पृ.१) । यस आधारमा हेर्दा एउटा संस्कृतिलाई अर्को संस्कृतिले प्रभावित गर्न सक्छ । कलासौन्दर्य एवं संस्कृतिका यिनै सैद्धान्तिक मान्यताका आधारमा यादवचन्द्र भुर्तेलका कलामा अभिव्यक्त नारीसौन्दर्य र संस्कृतिको अध्ययनमा अनुसन्धान केन्द्रित गरिएको छ ।

## तथ्यको विश्लेषण

यादवचन्द्र भुर्तेल (जन्म २००३) नेपाली कलाक्षेत्रका एक स्थापित व्यक्तित्व हुन् । उनी आजपर्यन्त पोखराको पुरानो एयरपोर्ट नागढुङ्गा अगाडि रहेको फाइन आर्ट ग्यालरीमा रङ र कुचीसँग लडिरहेका भेटिन्छन् । उनले २०२० को दशकमा दुर्गा बराल वात्सायन, विश्व शाक्य र गोपाल श्रेष्ठसहित तेर्सापट्टि कोठाबाट सञ्चालन गरेको ग्यालरीलाई उनकै

पहलमा नागढुङ्गामा स्थानान्तरण गरी 'को-अपरेटिभ ग्यालरी' नामकरण गर्दा सहयात्रामा हेरराम जोजु थपिएको देखिन्छ। ग्यालरी निजीकरणको पाँच वर्षपछि हालको स्थानमा आइपुगेको फाइन आर्ट ग्यालरीबाट नमुना छनोट गरिएका कलाको विश्लेषण आलेखमा गरिएको छ। छ दशकदेखि अध्ययन, अवलोकन र अनुभवसहित कलालाई निखार्दै गरेका भुर्तेलका व्यक्तित्वका विविध आयाम रहेका छन् तर पनि उनको कलासाधक व्यक्तित्व निकै विशिष्ट छ। सन् १९९५ गरिएको १५ जना कलाकारको सामूहिक प्रदर्शनीमा उनका सबै सेमीनग्न कला बिक्री भएका अनि सन् २००० र विसं.२०५८ सालमा काठमाडौँमा सम्पन्न सेमीनग्न कला प्रदर्शनीमा समेत उनका सबै कला बिक्री भएको देखिनुले उनका कलाकृतिप्रतिको आकर्षणलाई स्पष्ट पार्दछ। उनका कलाकृतिमा नारीसौन्दर्य र संस्कृतिको अभिव्यक्ति उल्लेख्य देखिन्छ। भुर्तेलले कलामा नारी सर्वोच्चतालाई प्राथमिकता दिँदै नारीका मनोभावनालाई सम्मानजनक रूपले कलाकै माध्यमबाट स्थापित गराएका छन्। उनका कलामा संस्कृति, प्रकृति, मातृत्व, भ्रातृत्व र शृङ्गार सौन्दर्यमात्र नभएर नारीसौन्दर्यका मातृत्व सौन्दर्य, श्रम सौन्दर्य, शृङ्गार सौन्दर्य र ग्रामीण सौन्दर्यको अभिव्यक्तिसमेत पाइन्छ। यसका साथै उनका कलाकृतिमा वैदिक सनातन संस्कृति, क्षेत्रीय संस्कृति र श्रम संस्कृतिको अभिव्यक्ति पनि देखिन्छ।

समाजमा नारी व्यक्ति एक भए तापनि उसको व्यक्तित्व अनेक भूमिकामा देखिन्छन्। जन्मजात नाबालिका युवती हुँदै नारीले कालक्रमसँगै परम्परागत मूल्यमान्यता र संसारको सृष्टिचक्र धान्न दाम्पत्य जीवनमा प्रवेश गर्नुपर्ने हुन्छ। दाम्यत्यजीवनसँगै जोडिएका जन्मघर-कर्मघरका बाबुआमा, दाजुभाइ, दिदीबहिनी, सासु-ससुरा, देउरानी-जेठानी, नन्द-अमाजूलगायतको ख्याल गर्दै जिन्दगीलाई गुजार्नुपर्ने संस्कृतिका चापप्रतिचापमा उनीहरू रहन्छन्। अर्कातर्फ समयको कालक्रममा दाम्पत्य जीवनमा जोडिएर आउने सन्तानसुखको अभिव्यक्ति पनि नारीजीवनबाटै सम्भव हुन्छ। विविध भूमिका निभाउने तिनै नारीमा अन्तरनिहित मातृत्व सौन्दर्यको अभिव्यक्ति भुर्तेलका कलाकृतिमा देख्न सकिन्छः


चित्र नं. १ मा रहेको कलामा ममताकी खानी र करुणाकी सागरका रूपमा हेरिने नारीको सन्तानप्रतिको स्नेहलाई देखाइएको छ। यस कलामा मातृत्व सौन्दर्यको सुन्दर अभिव्यक्ति पाइन्छ। नेपाली संस्कृति अनुरूपको नारीसौन्दर्यका रूपमा त्यहाँ गलामा मङ्गलसूत्र, निधारमा टीका, हातमा चुरा पहिरिएको देखाइएको छ। आमाले काखे सन्तानलाई पहेलो थाङ्नामा लुट्पुट्याउँदै काखमा राखेर दूध चुसाइरहेको देखिन्छ। कम्मरमा पटुकी, टाउकोमा पछ्यौरी र रातो सारीसहितको पहिरनले ग्रामीण नारीसौन्दर्यको प्रतिनिधित्व गराएको छ। काखको बच्चाले दाहिने हातले आमाको स्तन समातेर चुसिरहेको देखिनुले बाँच्नका लागि बालादिनदेखि सङ्घर्ष गर्नुपर्ने चेतनाको प्रसार भएको छ अनि बच्चामाथि मात्र आमाको नजर केन्द्रित रहेको देखिएकाले यस कलाले आमाको ममत्वसहितको मातृवात्सल्यपनलाई देखाएको छ।



चित्र नं. १


माध्यमबाट समाजका दीनहीनप्रति दयामाया, सद्भावसहित मानवतावादी चिन्तन व्यक्त गर्दै विविध विम्ब-प्रतीकलाई माध्यम बनाएर कला निर्माण गरेको पाइन्छ। उनका ती कलामा एकातर्फ युगीन जीवनका विकृति-विसङ्गतिको स्वर

पाइन्छ भने अर्कातर्फ शालीन र भद्र तवरबाट यथार्थको अभिव्यक्ति पाइन्छ। चित्र नं २ मा रहेको कलामा प्रकृति निर्मित चौतारी आकारको ढुङ्गाको सिँढीलाई आसन बनाएर रूखको छहारीमा आराममा गरिरहेकी एक विवाहित महिलालाई देखाइएको छ। रातो ठुटे ब्लाउज, रातो सारी र रातै पछ्यौरीले टाउको छोपेकी अनि घाँटीमा रातो माला र कम्मरमा कलेजी रङको पटुकी बाँधेकी यी महिलाको पहिरन र स्थान विशेषले उनी ग्रामीण महिला भन्ने बोध हुन्छ। उनी पानीको घैँटो जस्तो देखिने घडा तथा गाग्रीमा शिर झुकाएर थकाइ मारिरहेकी छन्। खुड्किलो भन्दा माथिल्लो भागमा शिलालेख जस्तो प्राकृतिक दृश्यले वास्तविकता यथार्थताबोध गराउन खोजेको देखिन्छ। महिलाको आराम गराइको अवस्थाले टाढाको पधँेराबाट पानी लिएर आउँदाको बोझले शिथिल शरीरलाई गाग्रोको मुखमा हातको सिरानी लगाएर बिसौनीमा एकछिन विश्राम दिलाउन खोजेको पाइन्छ। गाउँ समाजमा घरपरिवारका जिम्मेवारी पूरा गर्ने क्रममा आमा, दिदीबहिनी तथा छोरीचेलीले निभाउनुपर्ने दायित्वबोधको दयनीय अवस्थालाई कलाले देखाउन खोजेको पाइन्छ। टाढाको यात्रा र कामको बोझले थिचिए पनि बिसौनामा कामको बोझलाई बिसाएर थकाइ मारेपछि पुनः ऊर्जाका साथ अगाडि बढ्ने ग्रामीण यथार्थ र श्रम संस्कृतिको अभिव्यक्ति प्रस्तुत क्यानभासमा अभिव्यक्त भएको छ।



चित्र नं. २

यादवचन्द्र भुर्तेलका कलाकृतिमा नारीसौन्दर्यका विविध स्वर अभिव्यक्त गर्ने क्रममा नारी शृङ्गारको सौन्दर्यलाई पनि प्रस्तुत गरिएको छ। विगतका समयमा गाउँमा जनसङ्ख्या बाक्लो, विकास पातलो भएकाले एक गाग्री पानी लिन साझा धारापधँेरामा पुग्नुपर्ने, सार्वजनिक धारामा नुवाइधुवाई गर्नुपर्ने अवस्थालाई चित्र नं ३ मा रहेको कलामा देखाइएको पाइन्छ। धारा छेउको रूखमा रङ्गीबिरङ्गी फूल फुलिरहेकाले यस चित्रबाट वसन्त ऋतुको मौसम अभिव्यक्त भएको छ। बिहानीको सूर्योदयसँगै लामो कपाल भएकी, रातो सारी र हरियो रङको लामा बाहुला भएको चोलो लगाएकी गाउँकी महिलाले धारामा नुवाइसकेको देखिन्छ। उनले खिया लागे जस्तो देखिने धाराको टुटीबाट झरेको पानीले भाँडाको कपडा भिजाउँदै छिन्। भाँडा भरिएर बाहिर गइरहँदा पनि कपाल समेल्नसमेत नपाएकी ती महिलाले देब्रे पाखुराले तल्लो हरको वस्त्र गुन्यु समातेको देखिन्छ। ठिङ्ग उभिएर दायाँतर्फ हेरिएको अवस्थाले परबाट कोही पँधेरामा आइरहेछन् कि भनेर सशङ्कित हुनुपर्ने अवस्थालाई देखाइएको पाइन्छ;




चित्र नं. ३

जुन विगतको नेपाली गाउँले जीवनको यथार्थसँग सम्बन्धित छ। वर्तमानमा साझा पँधेरामा नुहाउने परम्परा हराएको दृष्टान्तलाई भुर्तेलले कलाका माध्यमबाट जीवन्त तुल्याएको देखिन्छ। आज गाउँघरमा विकास छिर्दा मानिसको निकास बजारमा भएर गाउँघर सुनसान जस्तै देखिएको यथार्थलाई महिलाको पछाडिपट्टिको रुखमा तमसुक जस्तो नेपाली कागजमा लेखिएका हरफ र किनारामा साक्षीले लाहाछाप लगाए जस्तो कलाबाट अनुभूत हुन्छ। यसरी साझा पँधेरामा नुहाउने सन्दर्भ वर्तमानमा दुर्लभ भए पनि नेपाली समाजमा आजपर्यन्त त्यो दृश्य विद्यमान कपाली तमसुक जस्तो रहेको सत्यलाई जीवन्तता दिने काम यस कलाले गरेको छ।


चित्र नं. ४

समाजमा महिला दिदीबहिनीले सभ्यता र संस्कारको संरक्षण गर्दागर्दै प्रविधिको विकास र पश्चिमी संस्कारको प्रभावले नारीसौन्दर्यमा भित्रिएको प्रभावलाई भुर्तेलले आफ्नो कलामा प्राथमिकताका साथ चित्रण गरेका छन्। चित्र नं. ४ मा रहेको कलामा सिउँदोमा सिन्दूर लगाएकी विवाहित युवतीका पछाडिको भित्तामा विवाहका दिन लेखिने जिम्ती प्रकृतिको संरचना देखिन्छ। कलामा शिरमा सिन्दूरे पछ्यौरी र शिरबन्दी, ओठमा लाली, गलामा सिक्री र कानमा झुम्काले सजिएकी युवती देखिन्छिन्। शरीरको माथिल्लो भागमा स्तन छोप्ने हरियो वस्त्र र तल्लो भागमा पनि हरियो नै छोटो बस्त्र पहिरेको कलाबाट पछिल्लो समयको आधुनिक शङ्गार मोहलाई देखाउन खोजेको पाइन्छ। बायाँ घुँडा मारेर, दायाँ हात टेकेर, बायाँ हातले पछ्यौरा उचालिरहेकी ती युवतीका वरपर रातो, सुन्तला, फिक्का हरियो, गाडा हरियो र पहेलो रङ्गका बेलुन देखिन्छन्। यस कलामा परम्परालाई छोड्न नसकेको अनि आधुनिक परम्परा र शैलीलाई अपनाउन थालेको कुनै नवविवाहित युवतीको मनोविज्ञानलाई देखाइएको छ। परम्पराले दिएको शिष्टता र आधुनिकताले दिएको उत्ताउलोपनाको संयोजन यस कलामा सुन्दर ढङ्गले भएको देखिन्छ।


चित्र नं. ५

कलाकारिताको मूलभूत विशेषता सेमीनग्न कला पनि हो। उनको यस्तो कलाकारिता चर्चा र विवादसहित समृद्ध बन्दै गएको देखिन्छ। जापानी साथीले सिकाएको यस किसिमको कलालाई सोलुखुम्बुबाट फर्कदा किराँत छापको बसाइँमा भुर्तेलले पहिलोपटक उतारेका थिए। जुनेली रातमा जड्याहा श्रीमान्ले कुट्दै अर्धनग्न कटेराबाट निकालिदिएपछि सुकसुकाउँदै रहेकी महिलाको सेमीनग्न कला चित्र ५ मा देख्न सकिन्छ।

चित्रमा कलात्मक पृष्ठभूमिको कोठामा सौन्दर्य शृङ्गारसहितकी विवाहित युवती देखिन्छिन्। कोठामा रूखको छहारीलाई विम्बका रूपमा देखाएर दाम्पत्य सुख र सन्तोषकी आधारशीला मानिने नारी पात्रलाई शृङ्गार सौन्दर्यसहित कलामा उतारिएको छ। पछिल्लो समय दाम्पत्य जीवनमा प्रवेश गर्ने बेहुला-बेहुलीको सुहागरातका लागि बिस्तारामा रङरङका बेलुन सजाइने परम्परा देखाएर भुर्तेलले यस कलामा नवरसको सङ्केत गराउन खोजेका छन्। शृङ्गार सौन्दर्यका विषयमा समाज राम्ररी खुल्न नसकेका बेला सेमीनग्न कलामाथि रुचिकर नलाग्ने टिप्पणी गर्ने परम्परा विद्यमान रहे पनि भुर्तेलको कला चेतनाले यसलाई सजीवतापूर्वक अभिव्यक्त गरेको छ। यस कलामा सजीव शरीरका अवयव दुर्गन्धित र स्खलित हुँदैनन् भनेर देखाउन खोजिएको छ। प्रस्तुत सेमीनग्न कलामा नारी-पुरुष आपसमा घुलमिल हुँदा, शरीरका सजीव अवयव स्पर्श गर्दा, शृङ्गार रसका प्रेमपूर्ण वार्तालाप गर्दा सुखानुभूति बोध गर्ने मानिसले कलाको सौन्दर्यसँग पनि लुकामारी खेल्न सक्नुपर्छ भन्ने चेतनाको विकास गराउँदै कला पारखीले सेमीनग्न कलालाई कलाकै नजरबाट हेर्नुपर्ने सन्देश दिन खोजिएको छ। कला सौन्दर्यका हिसाबले प्रस्तुत कलामा नग्नता कम, विम्बविधान बढी हुन्छ भन्ने देखिन्छ।



चित्र नं. ६

भुर्तेलका कलामा संस्कृतिका विविध पाटाको समेत रेखाङ्कन पाइन्छ। ग्राम्य संस्कृति, क्षेत्रीय संस्कृति, श्रम संस्कृति, सनातन संस्कृतिका आयाममा भुर्तेलले विविध कला कोरेको देखिन्छ। चित्र नं ६ मा रहेको कलामा गाउँघरमा आमाहरूले जाँतोमा कोदो, मकै, चामल, बेसार पिसेर गुजारा चलाउने ग्रामीण श्रम संस्कृति अभिव्यक्त भएको छ। कलाका माध्यमबाट कलाकारले ढिकी, जाँतो, घट्ट, डोको, डालो, थुन्से, स्याखु लगायतका परम्परागत सामग्रीसँग पछिल्लो पुस्तालाई परिचित गराउन खोजको देखिन्छ। जाँतो पिँधिरहेकी महिलाको पछाडि रहेको थुन्सेले विस्थापित हुँदै गएका हाम्रा मौलिक कलालाई स्मरण गराएको छ। शिरको पछ्यौरीले सनातनी संस्कारलाई देखाएको छ भने कम्मरको पटुकी, नाकको फुली, कानको गहनाले नेपाली समाज अनुकूलको नारी शृङ्गारको सौन्दर्यलाई अभिव्यक्त गरेको छ। यस कलामा ग्रामीण जनजीवनको खानपान, जीवनयापन र श्रमसँग सम्बन्धित संस्कृतिलाई पनि मुखर रूपमा अभिव्यक्त गर्ने प्रयास गरिएको छ। जाँताको हातो फुत्कदा ठोक्न छेउमा राखिएको ढुङ्गाले भविष्यमा आइपर्ने घटनाप्रतिको सचेततालाई सङ्केत गरेको छ।




चित्र नं. ७

भुर्तेलको कलाकारितामा सहरिया कुटिलता र जटिलताभन्दा ग्रामीण यथार्थ र तज्जन्य ग्राम्य संस्कृतिको अभिव्यक्ति पाइन्छ। चित्र ७ मा रहेको कलामा एक युवती घरको भान्छाकोठामा देखिन्छिन्। लामो कपाल,

कानमा झुम्का, नीलो ब्लाउज, रातो साडी, हातमा बाला लगाएकी ती युवती पिर्कामा बसेर अँगेनामा ढुङ्ग्रोले आगो फुकिरहेकी छन् । अँगेना छेउमा खरानी लगाएर घोप्टाएर राखेको अर्को भाँडा पनि देखिन्छ । काने कसौँडीमा केही पकाउन खोजिएको स्थितिको बोध पनि यस कलाबाट भएको छ । भाँडा माझ्न सहज होस् भनेर त्यसको बाहिर फेरोमा खरानी पोतिएको पनि कलामा प्रस्ट देखिन्छ । खाली खुट्टा भान्छामा रहेकी युवतीका माध्यमबाट कलाकारले हाम्रो खानपान र पाकसम्बन्धी सभ्यता, मौलिक परम्परा र संस्कृतिलाई झल्काउन खोजेको पाइन्छ । भान्छामा फोहोर जुत्ताचप्पल नलैजाने, काने कसौँडीमा खाना पकाउने, आगो फुक्नेलगायतका मौलिक परम्परालाई आफ्नो कलामा प्राथमिकता दिएर भुर्तेलले यस कलाका माध्यमबाट भोलिका पुस्तालाई परम्परागत मौलिकतासहितको संस्कार सिकाउन खोजेको देखिन्छ ।


चित्र नं. ८

यादवचन्द्र भुर्तेलका कलाकृतिमा ग्राम्य संस्कृतिका विविध पक्षहरूलाई समेटिएको छ । चित्र नं ८ मा रहेको कलामा बजारमा डेरीको दूध पोकामा किनेर खाने परम्परामा हुर्केका सन्तानमा रहेको दूध पोकाबाट आउँछ भन्ने भाष्य चिर्न कलाकारले गाउँघरमा दही मथ्ने मौलिक परम्परालाई देखाउन खोजेका छन् । टाउकोमा हरियो पछ्यौरा, हरियो चोली, रातो साडी, निधारमा रातो टीका र कानमा मडहरी लगाएकी महिलाले पिर्कामा बसेर मही मथिरहेको सन्दर्भबाट यस कलामा नारीको सौन्दर्य सहित नेपाली ग्रामीण समाजको परिवेशलाई देखाइएको छ । गाउँघरमा दूधलाई दही बनाउन ठेकीमा राख्ने अनि सबै ठेकीको दहीलाई धार्ने ठेकामा खन्याएर मदानीमा नेती बाँधी त्यसलाई तानेर मोही पार्ने परम्परालाई यस कलामार्फत उजागर गरिएको छ । विवाहित महिलाको व्यावहारिक जीवनमा सौभाग्यका रूपमा हेरिने रातो पहिरनको झल्को उनको साडीबाट देखाइएको छ । हाम्रा परम्परागत मूल्यमान्यताबाट पछिल्लो पुस्ता विमुख हुँदै गएकाले उनीहरूलाई गाउँले जनजीवनका दिनचर्या र घरका स्थलगत संरचनाको ज्ञान दिलाउने उद्देश्य भुर्तेलका कलाकृतिले राखेको देखिन्छ । घरको दर्कुनो, मझेरी, महिने खाँबो, चौको, आटो, ओछ्यान, ठाडो ओछ्यान, भँडारलगायतका स्थलबारे अनभिज्ञ पछिल्लो पुस्ता किचन, डाइनिङ, टिभी, स्टोर कोठाका रूपमा घरको संरचनामा अभ्यस्त हुँदा मझेरीको महिने खाँबोमा धार्ने ठेको अड्याएर मोही मथ्ने परम्परालाई कलाका माध्यमबाट जीवन्त राख्दै कलाकारले कलाका माध्यमबाट ठेका-भाँडा, मदानी, चम्ठी, चँदाराको स्मरण गराउन खोजेको देखिन्छ ।


चित्र नं. ९

बहुजातीय र बहुसांस्कृतिक भूमि नेपालको कलाक्षेत्र व्यापक रहेको र त्यसमा क्षेत्रीय संस्कृतिको आफ्नै पृथक् पहिचान र महत्त्व रहेको सन्दर्भ पनि भुर्तेलका कलामा देख्न सकिन्छ ।

चित्र नं. ९ मा नेपालको संविधानले व्यवस्था गरेको आदिवासी जनजाति समुदायमा सूचीकृत समुदायकी युवती जातीय

दर्शन, धर्म, साहित्य, जीवन र कलाक्षेत्रमा मान्छेले गर्ने कार्यकृति नै संस्कृति भएकाले भुर्तेल कलाका माध्यमबाट संस्कृतिको रक्षार्थ उभिएका देखिन्छन् । उनका कलाले परम्पराको अनुसरणसहित पृथक् शैलीनिर्माण गर्दै नयाँपनको स्वाद दिलाउँछन् । कलामा नेपाली माटो, मन, पहिचान र प्रस्तुतिको सुगन्ध फैलाएर नेपाली मूल्य-मान्यतालाई विश्वव्यापीरूपमा स्थापित गराउन उनले खोजेको देखिन्छ। भुर्तेलका कलामा नारीसौन्दर्य र संस्कृतिबिचको आत्मीयता, पोशाकमा देखिन्छिन् । शिरमा शिरबन्दी, निधारमा टीका, नाकमा फुली, गलामा पोतेसँगै मुगाको माला, शरीरमा रातो मखमलको चोली, रातै लुङ्गी र घलेक लगाएकी ती युवतीको पृष्ठभूमिमा जङ्गल देख्न सकिन्छ। दाहिने कोखामा नाम्लाले थुन्से अड्याइएको यस कलामा नारीसौन्दर्यसहित परम्परागत मूल्यमान्यता र क्षेत्रीय संस्कृतिको चित्रण गरिएको छ। प्रस्तुत कलाका माध्यमबाट विविध जातजातिको सामाजिक परम्परा तथा सांस्कृतिक पहिचानबाट गाउँ समाजलाई साझा फूलबारीका रूपमा देखाउन खोजिएको छ।



चित्र नं. १०

भुर्तेलको कलाकारितामा हिमाल, पहाड र तराइसहित सिङ्गो नेपालको बहुभाषिक, बहुसांस्कृतिक सामाजिक मूल्यमान्यता र संस्कृतिको अभिव्यक्ति पाइन्छ। चित्र नं. १० मा रहेको कलामा हाकुपटासी लगाएकी नेवार महिलाको चित्र कुँदिएको छ। गलामा रातो पछ्यौरा राखेकी, रातै चोलो लगाएकी ती महिला उज्यालाको पछिपछि सुनसान जङ्गलको बाटो देब्रे कोखामा गाग्रो बोकेर गन्तव्यतर्फ बढिरहेको देखिन्छ। हिजो समयसूचक घडीको अपर्याप्तताले आकाशका तीनतारे कोल्टे परेसँगै, कुखुराका भालेको डाँकसँगै अगुल्टो लिएर आमा दिदीबहिनी पानी लिन पधेँरा पुग्नुपर्ने दृष्टान्तलाई कलामा देखाइएको छ। यस कलाले हिजोआज जातीय पोशाक विभिन्न मेला, महोत्सव तथा उत्सवमा मात्र लगाउने परम्परा रहेका सन्दर्भमा हिजो गाउँ समाजमा आफ्नो सनातन संस्कृतिको संरक्षणमा दिदीबहिनीहरू निरन्तर लागिरहेको देखाएको छ। घरबाट पानी लिन गाग्री लिएर जानुपर्ने र कोखामा गाग्री बोकेर हिँड्ने परम्पराले ग्रामीण समाजको श्रम संस्कृतिलाई प्रस्ट्याएको पाइन्छ।



चित्र नं. ११

भाषा, धर्म, रहनसहन, भेषभूषा, साहित्य, दर्शन, खानपान, वास्तुशैलीका माध्यमबाट संस्कृति अभिव्यक्त हुन्छ। भुर्तेलले आफ्ना कलामा वाद्ययन्त्र र वाद्यवादक व्यक्तित्वका माध्यमबाट पनि नेपाली संस्कृतिको अभिव्यक्ति दिएका छन्। चित्र ११ मा रहेको कलामा नेपाली पहिचान जोडिएको नेपालको मौलिक बाजा सारङ्गीलाई देखाइएको छ। लोकजीवनको प्रिय बाजा सारङ्गी लिएर गाउँ समाजका

घट्नावृत्तान्त सुनाउन घरदैलोमा आउने लोकसंगीतका संरक्षक गन्धर्व समुदाय र तिनको योगदानका साथसाथै कलाले नेपाली सनातन संस्कृतिलाई उजागर गरेको छ। समयको कालक्रममा हराउँदै जान थालेको सारङ्गी संरक्षणमा जनस्तरबाट विभिन्न प्रयास हुँदै गरेका बेला मौलिक बाजाका सङ्गीतहरू लोपोन्मुख हुने अवस्थामा सारङ्गीका माध्यमबाट विश्वमा नेपाललाई प्रतिनिधित्व गराउने उद्देश्य कलाले बोकेको पाइन्छ। झट्ट हेर्दा यस कलामा फरक क्षमता भएकी अर्थात् दुवै आँखाको ज्योति नभएकी विवाहित युवतीले सारङ्गी रेटिरहेको देखिन्छ। सुन्तला रङको घुर्मैलो पहिरनकी ती युवतीका निधारको टीका, हातको एउटा चुराले भोकमरी र विपन्नतालाई सङ्केत गर्दछ। गरिबीले सताए पनि हाम्रा दिदीबहिनीले सनातन संस्कृतिलाई बिर्सेका र मर्न दिएका छैनन् भनेर कलामा देखाउन खोजिएको छ। कपाललाई डोरीले बाँधेर गुजुल्टो पारेको देखाइएको यस कलामा टुक्रुक्क भुइँमा बसेर छातीमा टाँसिएको सारङ्गीलाई देब्रे हातले समातेर दाहिने हातले रेटिएको देखाइएको छ। यसले प्रस्तुत कलामा गायनसंस्कृतिका साथै श्रम संस्कृतिसमेत अभिव्यक्त हुन पुगेको छ। यसका साथै यस कलामा फरक क्षमताका प्रतिभाले आफ्नो कलाबाट पनि प्रतिष्ठा कमाउन, भाग्य र भविष्य कोर्न सक्छन् भनेर सारङ्गीको सामर्थ्यलाई कलाका माध्यमबाट देखाइएको पाइन्छ।


चित्र नं. १२

नेपाली समाज विविध जातजाति र समुदायको साझा फूलबारी हो। यहाँ परम्परागत सनातन संस्कृति अनुसारका मौलिक नृत्यहरू प्रचलित छन्। चित्र नं. १२ मा प्रस्तुत कलामा पहेलो पारी (बोर्डर) भएको सारी र कलेजी मखमली चोलो लगाएकी महिलाले मौलिक नृत्य देखाइरहेकी छन्। वरपरका दर्शकहरू हौसला थप्दै रमाइरहेकाले सामान्य पर्व तथा उत्सवमा नाच देखाइएको निर्क्योल हुन्छ। वरपर बस्नेहरू पनि मौलिक पोसाकमै देखिनु, नृत्य देखाउने महिलाको कम्मरमा सेतो पटुकी, गलामा हरियो पोते र गहना, टाउकोमा मजेत्रो देखिनुबाट नेपाली समाजका नारीहरू आफ्नो सनातन संस्कृतिका संरक्षक हुन् भन्ने बोध गराउँछ। समयको कालक्रममा हाम्रा परम्परा परिष्कृत हुनसक्छन् तर विस्थापित हुँदैनन् भन्ने चेतनाको विकास गराउँदै कलाकारले यस कलाका माध्यमबाट खबरदारी गर्न खोजेको देखिन्छ। पछिल्लो पुस्ता पाश्चात्य संस्कृतिमा रमाउँदै गर्दा परम्परागत सनातन संस्कृति हराउँदै जान थालेकाले अनि महिलाहरूको महान् पर्व हरितालिकासमेत विभिन्न पार्टी प्यालेसहरूमा सीमित हुन थालेकाले विभिन्न उत्सव तथा पर्वहरूमा मौलिक नृत्य प्रस्तुत गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो भन्ने चेतना यस कलाकृतिले जगाउन खोजेको देखिन्छ।

भुर्तेलका कलामा नारीसौन्दर्यका बहुआयामहरू आएका छन्। नारी जातिका ममता, श्रम, वासना, दुःख, पीडा, आनन्द, बाध्यतालाई उनका कलाकृतिले प्राथमिकताका साथ चित्रण गरेका छन् र यसैसँग नेपाली समाजको संस्कृतिका विविध पक्षहरूको अभिव्यक्ति पनि भुर्तेलले दिएको पाइन्छ। उनले आफ्ना कलाका माध्यमबाट परिवर्तनका नाममा मौलिक संस्कार-संस्कृति भुल्न नहुने सन्देश प्रवाह गरेको पाइन्छ। कलाकार संस्कारसम्पन्न भएन भने उसको ज्ञान, कर्म र

रचना विधानले सही गन्तव्य निर्धारण गर्न सक्दैन भन्ने मान्यतामा कलाकार भुर्तेल दृढ देखिन्छन् । उनले कलालाई नेपाली मौलिक भेषभूषा, रहनसहन, खानपान, धर्म, दर्शन, वास्तुशैली र संस्कृति प्रकट हुने माध्यम बनाएको पाइन्छ। दर्शन, धर्म, साहित्य, जीवन र कलाक्षेत्रमा मान्छेले गर्ने कार्यकृति नै संस्कृति भएकाले भुर्तेल कलाका माध्यमबाट संस्कृतिको रक्षार्थ उभिएका देखिन्छन् । उनका कलाले परम्पराको अनुसरणसहित पृथक् शैलीनिर्माण गर्दै नयाँपनको स्वाद दिलाउँछन् । कलामा नेपाली माटो, मन, पहिचान र प्रस्तुतिको सुगन्ध फैलाएर नेपाली मूल्य-मान्यतालाई विश्वव्यापीरूपमा स्थापित गराउन उनले खोजेको देखिन्छ। भुर्तेलका कलामा नारीसौन्दर्य र संस्कृतिबिचको आत्मीयता, साहचर्य, सहयोग र समभ्रुदारीको प्रगाढ सम्बन्ध पाइन्छ। उनका कलामा धर्म संस्कृतिका विविध पक्षको चित्रणका साथै प्रकृति र समाजमा परेको प्रभावको चित्रणसमेत पाइन्छ। नेपाली समाजमा रहेका विभिन्न जातजाति, धर्मसंस्कृति, रीतिरिवाज र चालचलनका मानिसको मौलिकतालाई भ्रुल्काउने सांस्कृतिक चेतनाबोध पनि उनका कलाबाट भएको पाइन्छ।

## निष्कर्ष

यादवचन्द्र भुर्तेल सामाजिक यथार्थ, मौलिक कला, परम्परागत संस्कार-संस्कृति, वर्तमान युगजीवन, यौनमनोविज्ञान र मातृवात्सल्यलाई कलाका माध्यमबाट क्यानभासमा उतार्ने यथार्थवादी कलाकार हुन्। उनका कलाकृतिमा नारीलाई जीवन सिर्जनाको लहरका रूपमा, सभ्यता र ज्ञानको भण्डारका रूपमा चित्रण गरिएको छ। नारीमा अन्तर्निहित मातृत्व सौन्दर्यको अभिव्यक्ति, युगीन जीवनका विकृति-विसङ्गतिको स्वरका साथै शालीन र भद्र तवरबाट यथार्थको अभिव्यक्ति दिने काम उनले आफ्ना कलाकृतिमा गरेका छन्। विशेषतः उनका कलाकृतिमा नारी शृङ्गारको सौन्दर्यलाई प्राथमिकताका साथ चित्रण गरिएको पाइन्छ। सेमीनग्न कलाका माध्यमबाट नारी शरीरलाई सजीवतापूर्वक देखाउने काम पनि उनले गरेको देखिन्छ। यसका साथै उनका कलाकृतिमा ग्राम्य संस्कृतिका विविध पक्षका साथसाथै नेपाली बहुसांस्कृतिक समाजका विविधताहरूलाई समेट्ने प्रयास गरिएको छ। उनले कलाका माध्यमबाट नारीसौन्दर्यको मर्म र अस्तित्व मासिँदै जाँदा समाजको संस्कृति पनि नासिने र मासिने भएकाले त्यसको संरक्षणमा कलाप्रेमी र कला समीक्षक लाग्नुपर्ने आवश्यकताको बोध समेत गराइदिएका छन्। यसरी हेर्दा भुर्तेलका कलाहरूमा सामाजिक जनजीवनका विविध पक्षलाई समेट्दै विशेषतः नारी सौन्दर्यको मर्ममधुर चित्र र नेपाली सांस्कृतिक विविधताको अभिव्यक्ति पाइन्छ।

## सन्दर्भ सामग्री सूची

उपाध्याय, सुरज (२०७०, वैशाख–असार). 'नाङ्गो संसारका न्युडचित्रकार भुर्तेल', *सम्मोहन* १ (१), पृ. ३५–३७ ।

गौतम, असफल (२०७३, मङ्सिर). 'कास्कीलाई विश्वमा चिनाउने एउटा आलोक : यादवचन्द्र भुर्तेल' *गरिमा* ३५ (६), पृ. ११७–१२३ ।

पन्त, कालीभक्त (२०७८). *हाम्रो सांस्कृतिक इतिहास* (तेस्रो संस्करण), काठमाडौँ : कालीभक्त-कृष्णा पन्त स्मृति प्रतिष्ठान।

पाखे, तारा (२०६९), *अल्भिएका भावचेतना,* पोखरा : सत्यदेवी गौतम।

भुर्तेल, यादवचन्द्र (२०८१), *लेखेको मेटिदैन,* पोखरा : मेनुका किरण भुर्तेल।

सिंह, मोहनविक्रम (२०६६), *साहित्य समालोचना र सौन्दर्य,* बनेपा : जनमत प्रकाशन।